संक्षिप्त अवधारणा पत्र

# पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१)


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौँ



भदौ, २०७५

# विषय सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | पन्ध्रौं योजनाको आवश्यकता र औचित्य | २ |
| ३. | विद्यमान अवस्था | ३ |
| ४. | राष्ट्रिय सोच | ५ |
| ५. | राष्ट्रिय लक्ष्य | ५ |
| ६. | राष्ट्रिय उद्देश्य | ८ |
| ७. | राष्ट्रिय रणनीति | ८ |
| ८. | सहयोगी क्षेत्रहरु (Enablers) | ९ |
| ९. | रुपान्तरणका प्रमुख सम्बाहक (Key Drivers of Transformation) | १० |
| १०. | विषयवस्तु | १० |
| ११. | तर्जुमा विधि तथा प्रक्रिया | १० |
| १२. | अपेक्षित नतिजा | ११ |
| १३. | जोखिम पक्ष तथा अनुमान | ११ |
| | अनुसूची १. पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) को विषय सूची | १२ |
| | अनुसूची २. समय तालिका | १७ |

# पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१)

१. पृष्ठभूमि

वि.सं. २०१३ सालमा योजनावद्ध विकासको सुरुवात पश्चात हालसम्म १४ वटा आवधिक योजनाहरु कार्यान्वयन भएका छन् । पञ्चायती व्यवस्था स्थापना भएपछि कार्यान्वयनमा आएका दोस्रोदेखि सातौं योजनाहरुमा सरकारको प्रमुख र निजी क्षेत्रको सहायक भूमिका रहने गरी मिश्रित अर्थव्यवस्था अवलम्बन गरिएको थियो । सो अनुरुप सरकारले सार्वजनिक संस्थानको स्थापना गरी उद्योग प्रबर्द्धन गर्ने नीति अंगीकार गरेको थियो । वि.सं. २०४६ मा राज्य व्यवस्थामा आएको परिवर्तनसँगै आठौं योजनादेखि निजी क्षेत्रको प्रवर्द्धन गर्दै अर्थतन्त्रमा यसको भूमिका बढाउन आर्थिक उदारीकरण र निजीकरणको नीति अबलम्बन गरियो । यसबाट अर्थतन्त्रको आकारमा वृद्धि भएतापनि आर्थिक वृद्धिदर र सोको प्रतिफललाई समावेशी एवम् न्यायपूर्ण बनाउन सकिएन ।

वि.सं. २०६२-६३ को जन आन्दोलनको परिणामस्वरुप नेपाल संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भएको मुलुकको रुपमा रुपान्तरण भयो । जनताबाट निर्वाचित ऐतिहासिक संविधान सभाद्वारा जारी भएको नेपालको संविधान बमोजिम आवधिक निर्वाचन सम्पन्न भई संघ, प्रदेश र स्थानीय तहमा राज्य संरचना स्थापित भएका छन् । आधुनिक नेपालको इतिहासमा मुलुकको राजनीतिक व्यवस्था, संरचना लगायत समग्र शासन प्रणालीमा रुपान्तरणकारी परिवर्तन तथा नागरिकको चेतनास्तरमा उल्लेख्य अभिवृद्धि भएको छ ।

निर्वाचन पश्चात लामो राजनैतिक संक्रमणकालको अन्त्यसँगै संघ, प्रदेश र स्थानीय तहमा स्थिर सरकार निर्माण भएको छ । मूलत: राष्ट्रको ध्यान आर्थिक-सामाजिक विकासमा केन्द्रित हुन गएको छ । वर्तमान संविधानमा मौलिक हक र राज्यका नीतिहरुको दायरालाई फराकिलो बनाउँदै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने र समाजवाद उन्मुख, स्वतन्त्र तथा समृद्ध अर्थतन्त्र निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य रहेको छ । संविधानको व्यवस्था र भावनालाई हृदयङ्गम गरी वर्तमान सरकारले “समृद्ध नेपाल र सुखी नेपाली" बनाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेको छ । साथै वर्तमान सरकारले आफ्नो नीति तथा कार्यक्रम लगायतका दस्तावेजहरुमा नागरिकको समृद्धिको चाहना पूरा गर्ने संकल्प गरेको छ । सो अनुरुप मुलुकको तीव्र आर्थिक विकास, समृद्ध अर्थव्यवस्था र सुखी नागरिकको लक्ष्य प्राप्त गर्ने गरी प्रभावकारी कार्यान्वयन व्यवस्था सहितको पन्ध्रौं योजना तर्जुमाका लागि यो अवधारणा पत्र तयार गरिएको छ ।

## २. पन्ध्रौं योजनाको आवश्यकता र औचित्य

संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त एवम् नीतिहरुको पूर्ण कार्यान्वयनको योजनाबद्ध आधार तयार गर्नुपर्ने आवश्यकता छ। साथै वि.सं. २०७९ सम्म राष्ट्रलाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गरी सन् २०३० सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्दै मध्यम आय भएको देशमा पुऱ्याउनुपर्नेछ। उपरोक्त विषयलाई सम्बोधन गर्दै नागरिकको समृद्धिको चाहना पूरा गर्ने सरकारको संकल्प तथा सोच बमोजिम तयार गरिएको नेपालको दीर्घकालीन सोच, २१०० ( अवधारणा पत्र) को योजनावद्ध कार्यान्वयन गर्न पन्ध्रौं योजना तर्जुमा गर्नुपर्ने आवश्यकता छ। संविधानमा संघ, प्रदेश र स्थानीय तहमा पाँच वर्षको अवधिको आवधिक निर्वाचनको व्यवस्था रहेको र सो बमोजिम तीनै तहमा स्थिर सरकार स्थापना भएको एवम् सरकारका घोषणा तथा नीति कार्यान्वयन गर्ने माध्यमका रुपमा आवधिक योजना हुने भएकाले पाँच वर्ष अवधिको पन्ध्रौं योजना तर्जुमा गर्न उपयुक्त हुन्छ।

यस परिप्रेक्ष्यमा समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीको वातावरण निर्माण, प्राथमिकताका क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षण र उत्पादनशील रोजगारीका अवसर सृजना गरी तीव्र र दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक सामाजिक परिसूचकहरुमा उल्लेख्य सुधार गर्नुपर्ने भएको छ। यसका लागि गुणस्तरीय भौतिक तथा सामाजिक पूर्वाधार निर्माण, कृषिको व्यवसायीकरण, स्वच्छ ऊर्जाको उपलब्धता तथा सोको व्यापारको सुनिश्चितता, औद्योगिकीकरण गर्ने दिशातर्फ उन्मुख हुनेगरी योजना तर्जुमा गर्नु आवश्यक छ।  विगतका योजना देखि नै आय असमानता, भौगोलिक, जातीय र लैंगिक असमानता, कृषि क्षेत्रमा अत्यधिक निर्भरता, बढ्दो बेरोजगारी, उच्च तथा बढ्दो व्यापार घाटा, कमजोर पूँजीगत खर्च तथा विप्रेषणमा बढ्दो निर्भरता लगायतका चुनौतीको सामना गर्नुपरेको छ। अहिले वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, स्थानीय अर्थतन्त्रको विकास तथा उपलब्ध अवसर र श्रोत साधनहरुको उच्चतम सदुपयोग गरी समृद्धिको आधार निर्माण गर्नुपर्नेछ। साथै, राष्ट्रिय हित, लोकतन्त्र, सामाजिक न्याय, शान्ति र स्थिरतामा समेत ध्यान दिनु आवश्यक रहेको छ।

विगतका योजनाहरुको कार्यान्वयनको अनुभवबाट पाठ सिकी ती योजनाहरुको राम्रा पक्षहरु आत्मसात गर्दै आगामी पन्ध्रौं योजना तर्जुमा गरिनेछ। विगतमा देखा परेको कमी कमजोरीको सुधार गर्दै सरोकारवाला पक्ष वा निकायको पूर्ण स्वामित्व सहित कार्यान्वयनको सुनिश्चितता कायम गर्नुपर्ने आवश्यकता छ। योजना कार्यान्वयनमा विद्यमान नीतिगत तथा व्यावहारिक समस्याहरुको पहिचान गरी तिनको समाधानका लागि चाल्नुपर्ने कदमहरुको सम्बन्धमा समेत मार्गनिर्देशन गरी संस्थागत, नीतिगत र कार्यक्रमगत सुधारलाई समेत समेट्नुपर्ने आवश्यक रहेको छ।

पन्ध्रौं योजना तर्जुमा गर्दा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माणका लागि अर्थतन्त्रको संरचनागत रुपान्तरण, उत्पादनका साधन र सम्बन्ध तथा विकासको प्रतिफलको वितरण र पुनर्वितरणका क्षेत्रमा नीतिगत प्रस्थान गर्नुपर्ने हुन्छ । निजी, सहकारी र सामुदायिक क्षेत्रको सबलीकरण, आन्तरिक उत्पादन वृद्धि गरी बढ्दो व्यापार घाटा नियन्त्रण, आन्तरिक स्रोतको परिचालन, विनियोजन कुशलता, पुँजीगत खर्चमा सुधार र गुणस्तरीय पूर्वाधार निर्माण, सुशासनमा अभिवृद्धि र नतिजामूलक योजना प्रणाली सुदृढीकरण जस्ता पक्षलाई सम्बोधन गर्न पन्ध्रौं योजना तर्जुमा गर्नु आवश्यक छ । प्रदेश र स्थानीय तहको संस्थागत विकासका लागि पनि यो योजनाले मार्गचित्र प्रस्तुत गर्नेछ ।  यसका लागि संघीय सरकारको योजना र लक्ष्यअनुरुप प्रदेश र स्थानीय तहसँग विकास कार्यमा सहयोग, समन्वय र सहकार्यमा जोड दिनु आवश्यक छ ।

३. विद्यमान अवस्था

नेपालको समग्र आर्थिक, सामाजिक र राजनैतिक प्रवृत्ति हेर्दा देश मिश्रित उपलब्धि भएतापनि केही क्षेत्रहरुमा सकारात्मक दिशातर्फ उन्मुख भएको छ । राजनैतिक रुपमा देशले संघीय, गणतान्त्रिक र लोकतन्त्रको विशेषता सहितको संविधान जननिर्वाचित संविधान सभाद्धारा निर्माण गर्न सफल भइ संविधानको व्यवस्था अनुसार तीन तहको सरकारको निर्माण गर्न तीनै तहको आवधिक निर्वाचन सम्पन्न गरी सरकारहरु आ-आफ्नो तह र क्षेत्रमा क्रियाशील भैसकेका छन् र राजनैतिक स्थिरता प्राप्त हुन सकेको छ । यद्यपि प्रदेश र स्थानीय तह नयाँ राजनीतिक संरचना भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय संघीयताको कार्यान्वयन प्रारम्भिक अवस्थामा नै रहेको छ ।

आर्थिक क्षेत्र हेर्दा चौधौं योजनाको पहिलो दुई आर्थिक वर्षमा आर्थिक वृद्धिदर वार्षिक औषत ६.५ प्रतिशत रहेको अनुमान छ । योजनाको अन्तिम वर्षमा ७.९ प्रतिशतको लक्ष्य राखिएकोमा नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा सो लक्ष्य प्राप्त हुने देखिन्छ । आ.व. २०७४/७५ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २८ प्रतिशत र कृषिमा आश्रित जनशक्ति ६४ प्रतिशत रहेको अनुमान छ । उद्योग क्षेत्रको क्षेत्रको योगदान १४.८ प्रतिशत एवम् यस क्षेत्र अन्तर्गतको उत्पादनमूलक उद्योगको योगदान ५.४ प्रतिशत मात्र रहेको छ । तुलनात्मक रुपमा यातायात तथा सञ्चार, शिक्षा, स्वास्थ्य र व्यापारको विस्तारका कारण सेवा क्षेत्रको तीब्र वृद्धि भई अर्थतन्त्रमा योगदान ५७.६ प्रतिशत पुगेको छ ( अर्थ मन्त्रालय, २०७५) ।

सार्वजनिक वित्ततर्फ कुल गार्हस्थ उत्पादनको तुलनामा राजस्व, कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र कुल सार्वजनिक ऋण को अनुपात क्रमशः २४.३, २३.२, ८.९, ६६.४ प्रतिशत रहेको छ । मौद्रिक तथा वित्तीय क्षेत्रतर्फ संकुचित मुद्रा प्रदाय, विस्तृत मुद्रा प्रदाय, आन्तरिक ऋण र निजी क्षेत्रलाई प्रवाह भएको कर्जा क्रमशः २२.३, १०२.९, ९०.४ र ८१.२ प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०७५; ने.रा.बैंक, २०७५) । त्यस्तै बैंकिङ सेवामा आबद्ध जनसंख्या ४० प्रतिशत तथा १०.८ महिनालाई पुग्ने वस्तु तथा सेवा आयातलाई धान्न सक्ने वैदेशिक मुद्राको संचिति रहेको छ (ने.रा.बैंक, २०७५) ।

वर्तमान नेपाली अर्थतन्त्र परनिर्भर अर्थात आयात तथा विप्रेषणमुखी रहेको छ । कृषि क्षेत्रबाट बाहिर आएको श्रम शक्तिका लागि उद्योग र सेवा क्षेत्रमा रोजगारीको पर्याप्त अवसर नहुँदा वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता रहेको छ । बाह्य मुलुकमा कार्यरत नेपालीको जनसंख्या ४० लाखभन्दा बढी पुगेको अनुमान छ । फलस्वरुप विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भई कुल गार्हस्थ्य उत्पादनको तुलनामा यसको अनुपात २४.२ प्रतिशत (आ.व.२०७२/७३ मा ३० प्रतिशतसम्म) रहेको छ । तर यसरी प्राप्त विप्रेषण आय उत्पादनशील क्षेत्रमा लगानी भन्दा पनि उपभोग तथा सेवा-व्यवसायमा नै बढी खर्च भएको पाइएको छ । न्यून उत्पादकत्व र उत्पादनका कारण कुल माग अनुसारको आन्तरिक उत्पादन हुन नसक्दा आन्तरिक उपभोगको उल्लेख्य अंश आयातबाट पूर्ति भइरहेको अवस्था छ । परिणामस्वरुप आ.व. २०७४/७५ मा कुल गार्हस्थ्य उत्पादनसँग आयातको अनुपात ३९.७ प्रतिशत, निर्यातको अनुपात २.६ प्रतिशत र व्यापार घाटा ३७.१ प्रतिशत पुगेको छ (अर्थ मन्त्रालय, २०७५) । साथै विगत तीन वर्ष देखि चालू खाता समेत निरन्तर घाटामा रहेको छ ।

विगतका दशकमा आधारभूत पूर्वाधारको पहुँच तथा आन्तरिक आवद्धतामा उल्लेख्य विकास भएको छ । सडक यातायात करिब ३० हजार कि.मि., स्थानीय यातायाततर्फ ५८ हजार कि.मि., विद्युत उत्पादन १,०७३ मेगावाट र राष्ट्रिय विद्युत प्रणालीबाट विद्युतमा पहुँच प्राप्त घरधुरी ६९ प्रतिशत पुगेको छ (अर्थ मन्त्रालय, २०७५; रा.यो.आ., २०७५) । त्यसैगरी टेलिफोन घनत्व १३५ प्रतिशत र इन्टरनेटमा पहुँच प्राप्त जनसंख्या ४५.७ प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०७५; रा.यो.आ., २०७५) । तर विद्यमान पूर्वाधारको सुरक्षा तथा गुणस्तर सुनिश्चित गर्न लगानी बढाउनु पर्ने आवश्यकता छ ।

सामाजिक क्षेत्रतर्फको अवस्था तुलनात्मक रुपमा सन्तोषजनक रहेको छ । गरिबीको रेखामुनिको जनसंख्या २१.६ प्रतिशत, प्राथमिक तहमा खूद भर्ना दर ९७.२ प्रतिशत, बाल मृत्युदर ३९ प्रति हजार जिवित जन्म, मातृ मृत्युदर ४७५ प्रति लाख जिवित जन्मबाट २३५ प्रति लाख जिवित जन्म र खानेपानी सेवामा पहुँच प्राप्त जनसंख्या ९० प्रतिशत रहेको छ (रा.यो.आ., २०७५) । लैंगिक समानता, सशक्तिकरण तथा

सहभागिताको स्थिति समेत उल्लेखनीय छ । सामाजिक सुरक्षाको अवधारणा र यसको दायरा विस्तार हुँदै गएको छ ।

विगतमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा एवम् हिमाल र पहाडबाट तराई-मधेशमा आन्तरिक बसाइसराई तीव्र रुपमा बढेको छ । आन्तरिक बसाईंसराइ र वैदेशिक आप्रवासनका कारण ग्रामीण बस्तीमा युवाको न्यून उपस्थिति रहेको, जनघनत्व घटेको, केही स्थानमा जनसंख्याको वृद्धिदर नकारात्मक समेत रहेको छ । विगत २० वर्षमा शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या १२ प्रतिशतबाट ५९.५ प्रतिशत पुगेको छ (के.त.वि., २०७५) । नेपालमा वनजंगलले ढाकिएको क्षेत्रफलमा उल्लेख्य वृद्धि भई ४४.६ प्रतिशत पुगेको छ ( रा.यो.आ., २०७३) । खासगरी ग्रामीण एवम् पहाडी क्षेत्रमा वातावरणमाथिको दबाब घटेको छ भने शहरी तथा तराई मधेश क्षेत्रमा वातावरण तथा प्राकृतिक स्रोतको दोहन बढिरहेको छ ।

उल्लेखित विद्यमान परिवेश तथा आवश्यतालाई मध्यनजर गरी दीर्घकालीन सोच (अवधारणा पत्र)मा उल्लेखित राष्ट्रिय सोच, लक्ष्य, उद्देश्य र रणनीतिमा आधारित रहँदै देहायको उद्देश्य सहितको योजना खाका बमोजिम पन्ध्रौं योजना निर्माण गर्न लागिएको छ ।

## ४. राष्ट्रिय सोच[1]

"समृद्ध नेपाल, सुखी नेपाली"

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको सघन अन्तरआबद्धता तथा उच्च उत्पादकत्व भएको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

## ५. राष्ट्रिय लक्ष्य

| क्र.सं. | राष्ट्रिय लक्ष्य तथा सूचक | एकाई | आधार वर्ष २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|---|---|
| १.१. | उच्च र समतामूलक राष्ट्रिय आय | | | |
| | • उच्च आय वा औद्योगिक राष्ट्रको स्तरको प्रतिव्यक्ति आय<br>• शून्य निरपेक्ष गरिबी<br>• राष्ट्रिय आम्दानीमा तल्लो ४० | | | |

[1] यस अवधारणा पत्रमा उल्लेखित राष्ट्रिय सोच, राष्ट्रिय लक्ष्य तथा सूचक नेपालको दिर्घकालीन सोच, २१०० को अवधारणा पत्रबाट लिइएको छ ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य तथा सूचक | एकाई | आधार वर्ष २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|---|---|
| | प्रतिशत जनसंख्याको अनुपात | | | |
| १.२. | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | | | |
| | • गुणस्तरीय, रोजगारमूलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक<br>• स्वस्थ र लामो आयु भएका नेपाली<br>• उत्पादनशील र मर्यादित रोजगारीमा संलग्न जनसंख्या | | | |
| १.३. | सर्वसुलभ र आधुनिक पूर्वाधार एवम् आवद्धता | | | |
| | • सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात सेवा<br>• सहरी पूर्वाधारमा आवद्ध जनसंख्या<br>• स्वच्छ उर्जाको उत्पादन तथा उपभोगमा यसको अनुपात<br>• सूचना प्रविधिमा आबद्ध जनसंख्या | | | |
| १.४. | उत्पादन तथा उत्पादकत्व | | | |
| | • कृषि, वनजन्य तथा औद्योगिक उत्पादन र अर्थतन्त्रमा सोको हिस्सा<br>• आयात-निर्यात अनुपात<br>• राष्ट्रिय, क्षेत्रगत तथा उत्पादनका साधनको उत्पादकत्व<br>• उर्जा उपभोगमा स्वच्छ उर्जाको अनुपात | | | |
| २.१ | परिस्कृत तथा मर्यादित जीवन | | | |
| | • नागरिक स्वस्थता (शारीरिक, मानसिक तथा मनोवैज्ञानिक)<br>• सुविधासम्पन्न तथा सुरक्षित आवास<br>• गतिशील सामाजिक जीवन | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य तथा सूचक | एकाई | आधार वर्ष २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|---|---|
| | • आधुनिक भौतिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व<br>• उच्च नागरिक सन्तुष्टि | | | |
| २.२ | सभ्य र न्यायपूर्ण समाज | | | |
| | • विभेद, हिंसा र अपराधमुक्त समाज<br>• सामाजिक सुरक्षा तथा संरक्षण<br>• सामाजिक-सांस्कृतिक विविधता प्रवर्द्धन तथा संरक्षण | | | |
| २.३ | स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति | | | |
| | • प्रदुषणमुक्त र स्वच्छ वातावरण<br>• जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन<br>• जलवायू परिवर्तन अनुकूलनशीलता<br>• प्राकृतिक विपद् उत्थानशील समाज र अर्थतन्त्र | | | |
| २.४ | सुशासन | | | |
| | • कानुनी शासन<br>• उच्च सदाचार (भ्रष्टाचार अनुभूति सूचकांक)<br>• विद्युतीय प्रणालीमा आधारित सबल, सक्षम, जवाफदेही सार्वजनिक सेवा<br>• सुदृढ संघीय शासन प्रणाली | | | |
| २.५ | सबल लोकतन्त्र | | | |
| | • शान्ति र स्थिरता<br>• स्वच्छ, स्वतन्त्र र कम खर्चिलो निर्वाचन<br>• मौलिक हकको प्रत्याभूति<br>• नागरिक सहभागिता | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य तथा सूचक | एकाई | आधार वर्ष २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|---|---|
| २.६ | राष्ट्रिय एकता र सम्मान | | | |
| | • नेपालीत्वको उच्च भावना<br>• उच्च सामाजिक सद्भाव<br>• उच्च मानव तथा अन्य सुरक्षा<br>• अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता | | | |

## ६. राष्ट्रिय उद्देश्य

१. सर्वसुलभ आधारभूत पूर्वाधार निर्माण, संघीय शासन प्रणालीको सुदृढीकरण, उत्पादनशील एवम् मर्यादित रोजगारी, सामाजिक-आर्थिक रुपान्तरण, उच्च तथा दिगो आर्थिक वृद्धि र गरिबी निवारण गरी समृद्धिको आधार निर्माण गर्नु ।

२. देशमा शान्ति, सुरक्षा, सामाजिक न्याय तथा सुदृढ राष्ट्रिय एकता,, गुणस्तरीय तथा जवाफदेही सार्वजनिक सेवा र स्वस्थ तथा सन्तुलित वातावरण कायम गरी नागरिकलाई परिष्कृत र मर्यादित जीवनको अनुभूति दिलाउनु ।

## ७. राष्ट्रिय रणनीति

१. राष्ट्रिय विकासको लक्ष्य हासिल गर्न राज्यले नेतृत्वदायी भूमिका निर्वाह गरी निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सबलीकरण, अर्थतन्त्रको औपचारिकीकरण, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको विकास, स्वच्छ ऊर्जाको उपभोग र मुलुकको आर्थिक, पर्यटकीय, शैक्षिक तथा व्यापारिक क्षेत्रीय केन्द्र (Regional Hub) का रुपमा विकास सहित तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने ।

२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र गुणस्तरीय, प्राविधिक तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितता सहित स्वस्थ र शिक्षित नागरिक तयार गर्ने ।

३. उत्पादन, व्यापार र सेवा प्रवाह केन्द्रित सर्वसुलभ र आधुनिक पूर्वाधार निर्माण गरी आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता विकास गर्ने एवम् आधुनिक, सुरक्षित र दिगो शहर तथा बस्ती विकास गर्ने ।

४. कृषि क्षेत्रको व्यवसायिकीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ, आधुनिक तथा उच्च प्रविधिको प्रयोग र अनुसन्धान तथा विकासलाई प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

५. उत्पादनका साधन, सार्वजनिक संस्था र रोजगारीमा समतामूलक अवसरको सिर्जना सहित पूर्ण, दिगो र उत्पादशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

६. लैंगिक समानता, सबै प्रकारका विभेद, हिंसा र अपराध विरुद्ध शून्य सहनशीलता र सामाजिक-सांस्कृतिक पुँजीको उपयोग गर्दै न्यायपूर्ण सामाजिक गतिशीलता कायम गर्ने ।

७. प्राकृतिक स्रोत साधनको सन्तुलित संरक्षण र आयमूलक व्यवस्थापन एवम् प्राकृतिक विपद् तथा जलवायू परिवर्तन उत्थानशील उत्पादन तथा जनजीविका प्रवर्द्धन गर्ने ।

८. संघीय शासन व्यवस्थालाई सुदृढ गर्दै विद्युतीय शासनको प्रयोग मार्फत सार्वजनिक सेवालाई उत्तरदायी, कुशल, पारदर्शी र सुदृढ बनाउने ।

## ८. सहयोगी क्षेत्रहरु (Enablers)

योजनाको कार्यान्वयनका सहयोगी पक्ष र वातावरण निम्नानुसार रहेका छन् ।

- प्राकृतिक सम्पन्नता : मनोरम र विविधतायुक्त भू-बनोट, हिम श्रृङ्खला, पर्यावरणीय विविधता र प्राकृतिक स्रोतको प्रचुरता
- अवस्थिति : भारत, चीन, दक्षिण तथा पूर्वी एसिया, मध्य पूर्व लगायतका मुलुकसँगको निकट भौतिक दुरी र सोबाट पर्यटन, व्यापार, वित्तीय तथा अन्य सेवा क्षेत्रका सम्भाव्य अवसर
- जनसांख्यिक लाभ : युवा जनशक्तिको बाहुल्यता र यसको पूर्ण उपयोग
- सांस्कृतिक सम्पन्नता तथा नेपाली पहिचान : सामाजिक-सांस्कृतिक विविधता, नेपाली पहिचान र संस्कृति, विश्वास तथा सहयोग र अन्तर्राष्ट्रिय नेपाली समुदाय (डायस्पोरा)
- सामाजिक पुँजी : परम्परागत ज्ञान, स्थानीय सामाजिक तथा सामुदायिक संस्था, सामाजिक साझेदारी, पारस्परिकता र उत्थानशीलता, बाह्य अनुभव तथा सीप
- उर्जा : जलविद्युत, सौर्य उर्जा तथा अन्य स्वच्छ उर्जाको सम्भावना र उपयोग
- भौतिक पूर्वाधार विस्तार : सडक, विमानस्थल, रेल र जल यातायातको सम्भावना र विस्तार
- सूचना प्रविधि सञ्जालीकरण : प्रविधितर्फ झुकाव भएको जनशक्ति र अर्थतन्त्रमा सूचना प्रविधिको उच्चतम प्रयोग
- संघीयता र वित्तीय संघीयता : अर्थतन्त्रको आधारशिलाका रुपमा स्थानीय तह र प्रदेशको सम्भावना तथा वृहत् राजनीतिक परिचालनको सम्भावना
- वित्तीय स्रोत : आन्तरिक तथा बाह्य सार्वजनिक, निजी र सहुलियतपूर्ण वित्तीय स्रोतको उपलब्धता ।

## ९. रुपान्तरणका प्रमुख सम्बाहक (Key Drivers of Transformation)

१. यातायात, सूचना तथा सञ्चार पूर्वाधारको बृहत् सञ्जालीकरण
२. जलविद्युत उत्पादन तथा हरित अर्थतन्त्र
३. गुणस्तरीय मानव पुँजी निर्माण तथा पूर्ण उपयोग
४. उच्च उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता
५. गुणस्तरीय पर्यटन सेवा
६. व्यवस्थित तथा आधुनिक सहरीकरण
७. प्रादेशिक तथा स्थानीय अर्थतन्त्र
८. उद्यमशील कार्य संस्कृति र औपचारिक क्षेत्रको विस्तार ।

## १०. विषयवस्तु

पन्ध्रौं योजनामा समावेश गरिने विषवस्तुको प्रारम्भिक विवरण अनुसूची १ मा उल्लेख गरिएको छ । योजना दस्तावेजको आधारपत्र तयार गर्ने क्रममा यसलाई आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

## ११. तर्जुमा विधि तथा प्रक्रिया

अनुसूची २ मा उल्लेखित समय तालिका बमोजिम मा.उपाध्यक्षको अध्यक्षतामा निर्देशक समिति र मा.सदस्यहरुको अध्यक्षतामा विषय क्षेत्रगत समिति गठन गरिनेछ । दीर्घकालीन सोच दस्तावेजमा उल्लेख हुने तथा लक्ष्य अनुरुप समग्र तथा विषय क्षेत्रगत उद्देश्य, रणनीति तथा कार्यनीति विकास गरिनेछ । परिमाणात्मक लक्ष्य निर्धारण र सोको परीक्षण गरी उपयुक्त रणनीति तथा बृहत् कार्यक्रम प्रस्ताव गर्न उपयुक्त आर्थिक मोडेल प्रयोग गरिनेछ । यसरी तयार गरिएको आधार पत्रको प्रारम्भिक मस्यौदा परिमार्जन गरी आयोगबाट अनुमोदन गरिनेछ । सो मस्यौदा माथि संघ, प्रदेश र स्थानीय तहमा सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदार तथा युवा वर्ग लगायतसँग छलफल तथा अन्तरक्रिया गरिनेछ । छलफल तथा अन्तरक्रियाबाट आधारपत्र उपर पृष्ठपोषण प्राप्त हुनुका साथै सम्पूर्ण संघीय एकाईमा योजनाको अपनत्व अभिवृद्धि समेत हुनेछ । प्राप्त सुझावका आधारमा परिमार्जित आधार पत्रको मस्यौदा दस्तावेजलाई राष्ट्रिय विकास परिषद्को बैठकमा प्रस्तुत गरी अनुमोदन गरिनेछ । सो बैठकमा प्राप्त सुझावलाई सम्बोधन गरी तयार गरिएको अन्तिम मस्यौदालाई नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गरी प्रकाशन गरिनेछ । सो आधारपत्रलाई सम्बन्धित

विषयगत मन्त्रालय वा निकायसँगको सहभागितामा विस्तृतीकरण गरी योजनाको पूर्ण दस्तावेज तयार गरी प्रकाशन गरिनेछ ।

## १२. अपेक्षित नतिजा

२०७५ साल फागुनको पहिलो हप्ता पन्ध्रौं योजनाको आधार-पत्र प्रकाशन तथा २०७६ साल जेठ १५ गतेभित्र पन्ध्रौं योजनाको पूर्ण दस्तावेज प्रकाशनमा आएको हुनेछ । यो दस्तावेजले नेपाल सरकारको मध्यावधि खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा तथा प्रदेश र स्थानीय तहको आवधिक योजना तर्जुमामा मार्गदर्शन प्रदान गर्नेछ । साथै यसबाट बजेट तर्जुमा र कार्यान्वयनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १३. जोखिम पक्ष तथा अनुमान

अवस्थिति तथा भूबनोटका कारण नेपालमा भूकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्को उच्च जोखिम रहेको छ । विपद्को जोखिम न्यूनीकरण सम्बन्धी पर्याप्त तयारी नभएमा वा बृहत्, आधुनिक पूर्वाधार तथा निर्माणमा पर्याप्त सावधानी नअपनाइएमा मुलुक विकसित अर्थतन्त्रमा रुपान्तरण हुँदै गर्दा यसबाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति, गरिबी तथा संकटापन्नतामा पर्ने प्रभावको सघनता गणितीय रुपमा बढ्ने सम्भावना रहन्छ । साथै जलवायू परिवर्तनका दृष्टिकोणले समेत नेपाल ज्यादै जोखिमपूर्ण रहेकाले यसबाट जनजीवन, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा प्रतिकूल असर पर्न सक्ने देखिन्छ ।

आर्थिक सामाजिक रुपान्तरण तथा समृद्धिको आधार निर्माण गर्न सो अनुरुप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृत्ति एवम् संरचनात्मक व्यवस्थामा परिवर्तन आवश्यक छ । अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको परिचालन हुन नसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ । अन्तरदेशीय अपराध तथा महामारी, विश्व अर्थतन्त्रमा देखापरेका नवीनतम सोच तथा अवधारणाका कारण विश्व बजारमा आउन सक्ने असन्तुलन तथा आर्थिक संकटले नेपालको अर्थतन्त्रको वास्तविक, मौद्रिक, सार्वजनिक तथा बाह्य सबै क्षेत्रमा प्रभाव पार्न सक्तछ ।

संघीय शासन प्रणाली नेपालको लागि नयाँ अभ्यास भएको हुँदा प्रदेश र स्थानीय तहको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्नेछ ।

यसका लागि राष्ट्रिय सोच तथा आवधिक योजनासँग सामञ्जस्य हुने गरी ती तहका सरकारले आफ्ना आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमामा एकरुपता कायम गरी कार्यान्वयन हुने अनुमान छ।

अनुसूची १

## पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) को विषय सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| परिच्छेद १ : परिचय | | |
| १.१ | पृष्ठभूमि | |
| १.२ | विगतका उपलब्धि | |
| १.३ | संविधानको दिशानिर्देश | |
| १.४ | विगतका योजनाको संक्षिप्त समीक्षा | |
| १.५ | चौधौं योजनाको समीक्षा | |
| १.५.१ | समष्टिगत आर्थिक क्षेत्र | |
| १.५.२ | विषय क्षेत्रगत क्षेत्र | |
| १.५.३ | अन्तरसम्बन्धित क्षेत्र | |
| १.६ | दिगो विकास लक्ष्यको प्रगति समीक्षा | |
| परिच्छेद २ : दीर्घकालीन सोच तथा पन्ध्रौं योजना | | |
| २.१ | पृष्ठभूमि | |
| २.२ | चुनौती तथा अवसर | |
| २.३ | अन्तर्राष्ट्रिय प्रवृत्ति | |
| २.४ | दीर्घकालीन सोच | |
| २.५ | योजना खाका | |
| २.५.१ | राष्ट्रिय सोच | |
| २.५.२ | राष्ट्रिय लक्ष्य | |
| २.५.३ | राष्ट्रिय उद्देश्य | |
| २.५.४ | परिमाणात्मक लक्ष्य (संघ र प्रदेश अनुसार) | |
| २.५.५ | रणनीति | |
| २.५.६ | सहयोगी क्षेत्र (Enablers) | |
| २.५.७ | रुपान्तरणका सम्वाहक | |
| २.६ | विकासमा विभिन्न क्षेत्रको भूमिका | |
| २.६.१ | सार्वजनिक क्षेत्र | |
| | संघ | |
| | प्रदेश | |
| | स्थानीय तह | |
| २.६.२ | निजी क्षेत्र | |
| २.६.३ | सहकारी क्षेत्र | |

२.६.४ सामुदायिक क्षेत्र
२.७ समष्टिगत आर्थिक लक्ष्य र खाका
२.७.१ आर्थिक वृद्धिदर
२.७.२ उत्पादकत्व
२.७.३ लगानीको आवश्यकता र स्रोत
२.७.४ सार्वजनिक स्रोत व्यवस्था
२.७.५ अन्तर सरकारी वित्त
२.७.६ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू
२.७.७ प्रस्तावित लगानीबाट समष्टिगत अर्थतन्त्रमा पार्ने प्रभाव
परिच्छेद ३ : समष्टिगत अर्थतन्त्र
३.१ कुल गार्हस्थ्य तथा राष्ट्रिय बचत र उपभोग
३.२ सार्वजनिक वित्त
३.२.१ सार्वजनिक खर्च
३.२.२ राजस्व
३.२.३ वैदेशिक सहायता परिचालन
३.२.४ सार्वजनिक ऋण
३.३ मौद्रिक तथा वित्तीय नीति
३.४ बिमा तथा पूँजी बजार
३.४.१ बिमा
३.४.२ पूँजीबजार
३.५ वैदेशिक व्यापार, शोधनान्तर र वैदेशिक विनिमय
३.६ सार्वजनिक संस्थान र विनिवेश
३.७ सार्वजनिक, निजी र सहकारी साझेदारी
३.८ वैदेशिक लगानी
३.९ विप्रेषण
परिच्छेद ४ : आर्थिक क्षेत्र
४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन
४.१.१ कृषि विकास
४.१.२ पशुपन्छी विकास
४.१.३ खाद्य सुरक्षा तथा पोषण
४.१.४ सिंचाइ
४.१.५ भूमि व्यवस्था
४.१.६ जलस्रोत
४.१.७ वन तथा वनस्पति सम्पदा
४.१.८ खनिज सम्पदा
४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

४.२.१ उद्योग
४.२.२ वाणिज्य
४.२.३ आपूर्ति
४.२.४ पर्यटन
परिच्छेद ५ : सामाजिक क्षेत्र
५.१ जनसंख्या तथा बसाइँसराइ
५.२ शिक्षा
५.३ स्वास्थ्य तथा पोषण
५.४ खानेपानी तथा सरसफाइ
५.५ युवा
५.६ महिला
५.७ बालबालिका तथा किशोरकिशोरी
५.८ ज्येष्ठ नागरिक
५.९ अपांगता भएका व्यक्तिहरू
५.९ खेलकूद
५.१० सामाजिक सुरक्षा तथा संरक्षण
परिच्छेद ६ : पूर्वाधार क्षेत्र
६.१ ऊर्जा
६.१.१ जलविद्युत्
६.१.२ वैकल्पिक तथा अन्य ऊर्जा
६.२ यातायात पूर्वाधार
६.२.१ सडक
६.२.२ हवाइ यातायात
६.२.३ रेल यातायात
६.२.४ जल यातायात
६.२.५ केबलकार, रज्जुमार्ग तथा अन्य यातायात
६.२.६ यातायात व्यवस्थापन
६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार
६.४ प्रादेशिक तथा स्थानीय पूर्वाधार
६.५ विज्ञान तथा प्रविधि
६.६ सहरी विकास
६.७ ग्रामीण विकास
६.८ आवास तथा बस्ती विकास
६.९ पुनर्निर्माण
परिच्छेद ७ : लोकतन्त्र र सुशासन
७.१ राष्ट्रिय एकता

७.२ सुरक्षा
७.३ शान्ति र सुव्यवस्था
७.४ नेतृत्व निर्माण
७.५ निर्वाचन प्रणालीमा सुधार
७.६ मानव अधिकार
७.७ न्याय प्रणाली
७.८ संघीय शासन प्रणाली
७.९ प्रादेशिक तथा स्थानीय तहको सन्तुलित विकास
७.१० शासकीय सुधार
७.११ प्रशासकीय सुशासन
७.१२ वित्तीय सुशासन
७.१३ भ्रष्टाचार निवारण
७.१४ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण
परिच्छेद ८ : अन्तरसम्बन्धित विषय
८.१ तथ्यांक प्रणाली
८.२ गरिबी निवारण
८.३ श्रम तथा रोजगारी
८.४ मानव संशाधन विकास
८.५ अनुसन्धान तथा विकास
८.६ उद्यमशीलता विकास
८.७ समानता
८.८ समावेशीकरण
८.९ सामाजिक सुधार
८.१० सामाजिक सांस्कृतिक विविधता
८.११ विपद् व्यवस्थापन
८.१२ वातावरण
८.१३ जलवायु परिवर्तन
८.१४ अन्तर्राष्ट्रिय सम्बन्ध
८.१५ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरू
परिच्छेद ९ : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन
९.१ योजना तर्जुमा
९.२ आयोजना बैंक
९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था
९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय
९.५ जोखिम व्यवस्थापन
९.६ अनुगमन तथा मूल्यांकन

**विषय क्षेत्रगत खाका**

१. पृष्ठभूमि
२. प्रमुख समस्या
३. चुनौती तथा अवसर
४. क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति
  ४.१ सोच
  ४.२ लक्ष्य
  ४.३ उद्देश्य
  ४.४ रणनीति
  ४.५ कार्यनीति
  ४.६ प्रमुख कार्यक्रम
४. अपेक्षित उपलब्धि
५. नतिजा खाका (Results Framework) (योजनाको विस्तृत/मूल दस्तावेजमा मात्र संलग्न गरिने)

| क्र.सं. | प्रमुख नतिजा (Key Results) | एकाई | आधार वर्ष २०७४/७५ | आ.व. २०८०/८१ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | प्रभाव | | | | | | |
| | असर | | | | | | |
| | प्रतिफल | | | | | | |
| | कार्यक्रम तथा आयोजना | | | | | | |

अनुसूची २

# समय तालिका

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी (महाशाखा) | सहयोगी | समय सीमा |
|---|---|---|---|---|
| १. | पन्ध्रौं योजना तयारीसम्बन्धी समय सीमासहितको कार्ययोजना तयारी | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | २०७५ असार मसान्त |
| २. | मा. उपाध्यक्ष्यज्यूको अध्यक्षतामा निर्देशक समिति गठन | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | साउन दोस्रो हप्ता |
| ३. | पन्ध्रौं योजनाको अवधारणापत्र तयारी | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | भदौ दोस्रो हप्ता |
| ४. | दीर्घकालीन सोच (अवधारणा पत्र) सहित पन्ध्रौं योजनाको अवधारणापत्रको स्वीकृति | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | भदौ मसान्त |
| ५. | विषय क्षेत्रगत मन्त्रालयहरूबाट आधारपत्रको लागि विवरण प्राप्ति | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | असोज मसान्त |
| ६. | दिगो विकास लक्ष्य, २०३० को आवश्यकता आंकलन र वित्तीय रणनीति समेतका आधारमा समष्टिगत आर्थिक खाका (आर्थिक मोडेलिङ सहित) तयारी | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | कात्तिक मसान्त |
| ७. | चौधौं योजनाको मध्यावधि समीक्षा प्रतिवेदनलाई सन्दर्भ लिइ आधारपत्रको विषय क्षेत्रगत मस्यौदा तयारी | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | कात्तिक मसान्त |
| ८. | आधारपत्रको क्षेत्रगत एकीकृत मस्यौदा तयारी | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | मंसिर दोस्रो हप्ता |
| ९ | आयोगबाट आधारपत्रको प्रारम्भिक मस्यौदाको स्वीकृति | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | मंसिर मसान्त |
| १० | *सरोकारवालाहरुसँग अन्तरक्रिया* | | | |
| क. | प्रदेश सरकार र स्थानीय तहमा अन्तरक्रिया | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन/प्रशासन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | पुष दोस्रो हप्ता |
| ख. | राष्ट्रिय स्तरमा अन्तरक्रिया<br>संघीय संसदका मा. सदस्यहरु<br>प्रमुख राजनीतिक दलका पदाधिकारीहरु<br>नागरिक समाज, विद्वत वर्ग र पेशाविदहरु<br>नेपाल सरकारका मा. मन्त्री तथा सचिवहरु<br>विकास साझेदारहरु | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन/ प्रशासन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | पुष तेस्रो हप्ता |

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी (महाशाखा) | सहयोगी | समय सीमा |
|---|---|---|---|---|
| ११ | राष्ट्रिय विकास परिषद्को गठन | नेपाल सरकार<br>प्रशासन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | मंसिर मसान्त |
| १२ | आधारपत्रको अन्तिम मस्यौदा तयारी | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | पुष मसान्त |
| १३ | राष्ट्रिय विकास परिषद्को बैठक र सुझाव सहित आधारपत्रको अनुमोदन | माननीय उपाध्यक्ष<br>प्रशासन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | माघ दोस्रो हप्ता |
| १४ | राष्ट्रिय विकास परिषद्को सुझाव सहित आधारपत्रको परिमार्जन | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | माघ तेस्रो हप्ता |
| १५ | नेपाल सरकार (म.प.) बाट आधारपत्रको स्वीकृति | नेपाल सरकार<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | माघ मसान्त |
| १६ | आधारपत्रको प्रकाशन | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | फागुन पहिलो हप्ता |
| १७ | योजनाको विस्तृत दस्तावेजको विषय क्षेत्रगत मस्यौदा तयारी | माननीय सदस्यहरु<br>विषय क्षेत्रगत मन्त्रालय<br>सबै महाशाखाहरु | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | चैत मसान्त |
| १८ | विस्तृत दस्तावेजको एकीकृत मस्यौदा तयारी | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | २०७६ बैशाख दोस्रो हप्ता |
| १९ | आयोगबाट विस्तृत दस्तावेज स्वीकृति | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | बैशाख मसान्त |
| २० | प्रकाशन | माननीय उपाध्यक्ष<br>आर्थिक व्यवस्थापन महाशाखा | माननीय सदस्यहरु<br>सबै महाशाखाहरु | २०७६ जेठ १५ |

# सन्दर्भ सामाग्रीहरु


१. अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७४/७५, काठमाण्डौ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

२. नेपाल राष्ट्र बैंक (२०७५), देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७४/७५ को वार्षिक तथ्यांकमा आधारित), काठमाण्डौ : नेपाल राष्ट्र बैंक ।

३. रा.यो.आ. (२०७५), नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३) (अवधारणा पत्र), काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग (अप्रकाशित) ।

४. रा.यो.आ. (२०७५), आर्थिक वर्ष २०७५/७६ को वार्षिक विकास कार्यक्रम, काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

५. रा.यो.आ. (२०७३), चौधौं योजना (आ.व. २०७३/७४–२०७५/७६), काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।